# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जामुनबारी झापा ,
# प्रदेश नं १ नेपाल

**कनकाई नगरपालिकामा साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम संचालनकालागि प्रस्ताव आव्हान सम्बन्धि सूचना ।**

सूचना नं -:KANAKAI/PROP/02/2077-078
(दोस्रो पटक प्रकाशित मिति:२०७८/०४/०४)

यस नगरपालिकाको साझेदारीमा कृषि तथा पशुपालन कार्यक्रम संचालन गर्न वनेको कनकाई नगरपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८को अधिनमा रहि बहुवर्षे कार्यक्रम संचालनका लागि गैर सरकारी संस्थासँग लागत सहभागितामा साझेदारी गर्नुपर्ने भएकाले, स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत यस नगर कार्यपालिकाबाट स्विकृत कार्यविधिमा तोकेका शर्त बमोजिम कार्य गर्न ईच्छुक गैर सरकारी संस्थाहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा तोकिएको ढाँचामा प्रस्ताव आव्हान गरिएको छ ।

## प्रस्ताव पेश गर्ने संस्थाको कार्य अनुभव निम्न अनुसार हुनुपर्नेछ ।

- संस्था स्थापना भई कम्तिमा ५ बर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव भएको ।
- स्वावलम्बन समूह गठन तथा सामाजिक परिचालनको माध्यमको माध्यमबाट सामाजिक पूँजी निर्माण सम्बन्धि काम गरेको ।
- सामुदायिक विकास, जिविकोपार्जन, महिला सशक्तिकरणको क्षेत्रमा काम गरेको ।
- कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मूख्यश्रृङ्खलाको क्षेत्रमा अनुभव भएको ।
- समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशु बस्तु उत्पादनको लागि आवश्यक सेवा तथा बजारीकरण प्रबद्धनमा काम गरेको अनुभव भएको ।
- कृषि र पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको ।
- कृषक पाठशाला तथा समुदायमा आधारित नश्ल सुधार सम्बन्धि काम गरेको ।
- कृषि तथा पशु विकाससँग सम्बन्धित स्रोत पुस्तिका, प्रचारसामग्री, बृत्त चित्र निर्माण तथा विकासमा काम गरेको ।
- कृषि र पशु विकास सम्बन्धित संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन सम्बन्धि काम गरेको अनुभव भएको । लागत साझेदारी र प्राथमिकता कार्यक्रम संचालन गर्न ईच्छुक संस्थाले परियोजनासँग सम्बन्धित संचालन खर्च जस्तैः कर्मचारी तलव, भत्ता, सुविधा, कार्यालय संचालन र व्यवस्थापन आदि आफैले व्यवस्थापन गर्नुपर्नेछ । संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिईने छ । संस्थाले यो परियोजनाको लागि स्थानीय तहको केन्द्रमा कार्यालय स्थापना गरि कार्यक्रम संचालन गर्नुपर्नेछ । प्रस्ताव पेश गर्न ईच्छुक संस्थाले प्रस्तावित परियोजनाको कार्य क्षेत्र, परियोजना अवधि आदि बारे जानकारी नगरपालिकाबाट प्राप्त गर्न सक्नेछन ।

## प्रस्तावपत्रका साथ संलग्न गर्नुपर्ने कागजातहरु

- आधिकारीक निकायमा संस्था दर्ता तथा नविकरणको प्रतिलिपि १ प्रति ।
- आ.व. २०७६/०७७ को लेखा परिक्षण प्रतिवेदन सहित २ वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि १/१ प्रति ।
- स्थायी लेखा नम्बर र आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्र प्रतिलिपि १/१ प्रति वा करचुक्ता प्रमाणपत्र लिन बाँकी भएको संस्थाको हकमा सो प्रमाणपत्र पेश गर्न समयावधि माग गरिएको सक्कल निवेदन १ प्रति ।
- परियोजनाको प्राविधिक प्रस्तावना र आर्थिक प्रस्तावना कनकाई नगरपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा अलग अलग खाममा शिलबन्दी गरिएको १/१ प्रति । परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्तावनाको ढाँचा यस नगरपालिकाको वेबसाईट www.kankaimun.gov.npबाट डाउनलोड गरी वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।
- संयुक्त उपक्रममा प्रस्तावनापत्र पेश गर्ने संस्थाहरु विचको सम्बन्ध खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति ।
- प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि १ प्रति ।

Scanned with CamScanner